# घुन्सा खोला जलविद्युत आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन तयारी सम्बन्धि

## सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०७८/०५/२०**

प्रदेश नम्बर १ ताप्लेजुङ जिल्ला फक्ताङलुङ गाउँपालिकामा रेमिट हाईड्रो लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ :

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | रेमिट हाईड्रो लिमिटेड, महाराजगंज-०३, काठमाडौं<br>ईमेल: info@remithydro.org.np, सम्पर्क नः ०१-४४३०९८६ |
| प्रस्तावको व्यहोरा | प्रस्तावित ७७.५ मे.वा क्षमताको घुन्सा खोला जलविद्युत आयोजनाका संरचनाहरू फक्ताङलुङ गाउँपालिका घुन्सा खोलाको दुवै किनारमा अवस्थित हुनेछन् । आयोजनाको हेडवर्कस् अन्तर्गतका संरचनाहरू जस्तैः बाँधस्थल, इनटेक, थिग्राउने पोखरी र पहुँच सडक आदि फक्ताङलुङ गा.पा. वडा नं ५ र ६ मा रहनेछन् भने हेडरेस सुरूङ, सर्ज ट्याङ्क, पेनस्टक पाइप, भूमिगत विद्युतगृह र टेलरेस सुरूङ फक्ताङलुङ गा.पा. वडा नं ६ मा रहनेछन् । आयोजनाको बाँध स्थल फक्ताङलुङ गा.पा. वडा नं. ५ र ६ लामाटार स्थित घुन्सा-तमोरको दोभानबाट करीब ७ कि.मी. माथितिर अवस्थित छ। विद्युतगृहबाट निस्कने पानि पुनः घुन्सा-तमोर दोभानको ठिक माथि घुन्सा खोलामा नै पठाइनेछ। आयोजना कन्चनजङ्घा संरक्षण क्षेत्रभित्र पर्दछ । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा. | ताप्लेजुङ जिल्ला, फक्ताङलुङ गाउँपालिका ५ र ६ नम्बर वडाहरु । |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| रेमिट हाईड्रो लिमिटेड<br>महाराजगंज-०३, काठमाडौं ।<br>ईमेल: info@remithydro.org.np<br>सम्पर्क नं ०१-४४३०९८६ | इन्डो क्यानेडियन कन्सल्टेन्सी लिमिटेड र शाह कन्सल्ट इन्टरनेशनल प्रा. लि. को संयुक्त उपक्रम, थापाथली-११, काठमाडौं ।<br>ईमेल: info@shahconsult.com<br>फोन नं.: ०१-४४६८८६६, ४४६८५६१ |